बैठक संख्या : ८१
मिति :- २०७७/०८/०७ गते (आईतवार)
समय :- बिहान  ८ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री बिशकसेन ढकाल | सदस्य- सचिव |

**निर्णय नं. १** :- कमलामाई नगरपालिका क्षेत्रभित्र रहेका निम्न अनुसारका विद्यालयहरुको नाम परिर्वतन गर्ने ।

| सि.न. | साविक विद्यालयको नाम | हाल कायम भएको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री मा.वि. बेल्टार | श्री सिखर मा.वि.मरिण वेल्टार | वडा नं. १ |
| २ | श्री प्रा.वि. ढुङ्गेभञ्ज्याङ | श्री भद्रकाली प्रा.वि ढुङ्गेभञ्ज्याङ | वडा नं. २ |
| ३ | श्री मा.वि. चिलाउने डांडा भीरगाउँ | श्री ज्ञानोदय मा.वि.भीरगाउँ | वडा नं. ११ |
| ४ | श्री आधारभुत विद्यालय सिरुडाँडा | श्री चन्द्रादेवी आधारभुत विद्यालय सिरुडांडा | वडा नं. ११ |

**निर्णय नं. २** :- नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवारको मिति २०७७।०७।२० को स्वीकृत विद्यालय संचालन सम्बन्धी कार्यढाँचा, २०७७ वमोजिम कमलामाई नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरु मिति २०७७ मंशिर ०७ गते वाट संचालन गर्ने र कोभिड प्रतिरोधात्मक सामाग्रीहरु ( मास्क,सावुन,सेनिटाईजर) हरु खरिद गर्न नसक्ने प्रा.वि.सामुदायिक विद्यालयहरुलाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

**निर्णय नं. ३** :- चालु आर्थिक वर्षमा विज्ञापन कर वापत न्यूनतम अंक.८,००,०००।-मा ठेक्का व्यवस्थापन गर्ने ।

**निर्णय नं. ४** :- भू-संरक्षण कार्यालयमा रहेको क्वारेन्टिनमा वसेका विरामीहरुलाई मिति २०७७।०६।०७ देखी ०७।०७।१५ गते सम्मको विहान खाना दिउसो खाजा खाए वापत होटल भ्याली भिउ प्रा.ली ,सिन्धुली लाई रु १,६५,६३७।७७ , वुद्धिराज श्रेष्ठ (नगर प्रहरी स.नी) .रु १०,५००।- र काठमाण्डौ डाईग्नोसिस कालिमाटी काठमाण्डौ लाई रु. ६७,८२२।- प्रकोप/विपद व्यावस्थापन कोष वाट भुक्तानी गर्ने ।

**निर्णय नं. ५** :- कमलामाई नगरपालिका क्षेत्रमा संचालित प्राथमिकता प्राप्त योजनाहरु र मदन भण्डारी राजमार्ग आयोजनाको कार्य भैरहेको हुँदा नगरपालिका क्षेत्र भित्र रसुवा कन्स्ट्रक्शन, लामा शर्मा जे.भि. र कालिका राकेस जे.भि ले हाल सम्म यस नगरपालिका क्षेत्र भित्र वाट ढुङ्गा; गिट्टि र वालुवा को वास्तवीक हाल सम्मको खपत परिमाण र आयोजनाले ठेकेदारलाई भुक्तानी गरेको रकम सहित विवरण आयोजना कार्यालय सँग माग गर्ने र नगरपालिका संचालित योजनाहरुमा खपत हुने ढुङ्गा,वालुवाको स्थानीय कर तिरे नतिरेको जनप्रतिनिधि सहित कर्मचारहरुवाट अनुगमन गर्ने र नतिरेको अवस्थामा तुरन्त असुल उपर गर्ने ।

**निर्णय नं. ६**:- कमलामाई नगरपालिका वडा नं. ७ निवासी यादव रस्तेल को मृगौला फेल भई उपचार भई रहेको हुँदा रु.२५,०००।- आर्थिक सहायता भुक्तानी गर्ने ।

**निर्णय नं. ७:-** आर्थिक वर्ष ०७६।०७७ मा राष्ट्रिय योजना आयोगवाट कमलामाई नगरपालिका वडा नं.९ अन्तरगत भिमान पन्नेसी खानेपानी योजना लाई रु.एक करोड वजेट स्वीकृत भई योजना संचालन हुन नसकी योजना रद्ध भएको हुदाँ उक्त योजना चालु आर्थिक वर्षमा पुनः संचालन हुने गरी राष्ट्रिय योजना आयोग काठमाण्डौमा सिफारिस गर्ने ।

**निर्णय नं. ८** :- कमलामाई नगरपालिका क्षेत्र भित्र रहेका ऐलानी जग्गाहरुको अभिलेखीकरणको लागि चालु आर्थिक वर्षको कार्यपालिका वाट निर्णय गरी खर्च गर्ने भन्ने पुजिगत शिर्षकवाट रु.२०,००,०००।- (वीसँ लाख) विनियोजन गर्ने र उक्त जग्गा अभिलेख व्यवस्थापन को लागि नगरपालिका का कर्मचारीलाई जिम्मेवारी दिई ईकाई गठन गर्ने ।

**निर्णय नं. ९** :- चालु आर्थिक वर्षमा क.न.पा.- ७ एकपाखे- सिक्रे- कोटगाँउ र वाड नं. ३ सोलाभन्ज्याङ -तारुफेदी -गोलोन्जर खुर्कोट वाकी खण्ड, र वाड नं. २ निवुवाटार - मेनरोडवाट -दामें हुदै सुनकोशि गाँउपालिका जोड्ने (कृषि पर्यटकिय वाटो ) विस्तृत योजना प्रतिवेदन तयार गर्ने ।